# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं.:- प्र/०८०/०८१
चलानी नं. :- २८६

मिति :- २०८०/०७/०२

विषय :- निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै, (१ देखि ११ सम्म)
श्री शाखा प्रमुख ज्यूहरु सबै,
मिथिला नगरपालिका ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय धनुषाको प.स २०८०/०८१ च.नं. ७००१ मिति २०८०/०७/०१ को उक्त विषयको पत्रको छायाँकपी यसै साथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गरी लेखि आएनुसार गर्नु गराउन हुन अनुरोध छ ।

..............................
बसन्त न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ**
श्री नगर प्रमुख ज्यूको निजि सचिवालय ।
श्री उप प्रमुख ज्यूको निजि सचिवालय ।
मिथिला नगरपालिका ।
**वोधार्थ**
श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, धनुषा
जनकपुरधाम

कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np
daodhanusha20@gmail.com

**अत्यन्त जरुरी**

पत्र संख्या : ०८०/०८१(प्रशा.)
चलानी नं.: 6009

मिति:- २०८०/०७/०१

विषय:- निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।

मिथिला नगरपालिका
धनुषा
दर्ता नं.- 9522
मिति 2080/06/02

श्री १८ वटै स्थानीय तह,
धनुषा

प्रस्तुत विषयमा दशैं, तिहार तथा छठ लगायत चाडपर्व, समसामायिक विषय एवं गृह प्रशासनसँग सम्बद्ध निम्नानुसारका निर्देशनलाई प्रभावकारी एवं नतिजामुलक रुपमा कार्यान्वयन गर्नु गराउनु हुन भनी गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं ६६४ मिति २०८०/०६/३० गतेको पत्रबाट लेखि आएकोले सो सम्वन्धमा निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल

१. विभिन्न कारणले गर्दा आपूर्ति प्रणाली प्रभावित भई आसन्न चाडपर्वहरुमा खाद्यान्न लगायत उपभोग्य वस्तुको माग र आपूर्तिमा असन्तुलन हुन सक्ने र सोको अनुचित मौका पारी अस्वभाविक मूल्यवृद्धि तथा कालोबजारी समेत हुन सक्ने भएकोले आपूर्ति प्रणालीलाई सहज बनाई उपभोग्य वस्तुको अभाव हुन नदिन र कालो बजारी नियन्त्रण गर्न स्थानीय तह र सरोकारवाला निकायसँगको सहकार्यमा नियमित बजार अनुगमन गर्ने, गैर कानूनी कार्य भए गरेको पाइएमा कानून वमोजिम कारवाही गर्ने गराउने ।

२. जिल्ला भित्र अन्य सरकारी तथा गैर सरकारी र निजी क्षेत्रबाट प्रवाह हुने सेवा, बजारका विकृति एवं अन्य समसामयिक विषयमा नागरिकहरुले गुनासो गर्न पाउने र गुनासो सुनुवाई हुने संस्थागत संयन्त्र र कार्यगत प्रवन्ध मिलाउने ।

३. सम्भावित विपदहरु जस्तै डिस्कोले पुरिने, आगलागी, सडक दुर्घटना, डुँगा दुर्घटना, मेलामा हुने दुर्घटना जस्ता विपदहरु न्यूनीकरणका लागि विपद्सँग सम्वन्धित संयन्त्रहरुलाई पूर्व तयारी एवं प्रतिकार्यका लागि सक्षम र तयारी अवस्थामा राख्ने, यस कार्यमा स्थानीय तह, सम्वन्धित विषयगत कार्यालय, संघ/संस्था तथा जनशक्तिसँग सहकार्य गर्ने ।

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,धनुषा
जनकपुरधाम

कार्यालय - ०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np
daodhanusha20@gmail.com

पत्र संख्या : ०८०/०८१(प्रशा.)
चलानी नं.:

४. आफ्नो कार्यालयमा विनियोजित वजेटलाई कुशल एवं मितव्ययी रुपमा उपयोग गर्ने, जिल्लाभित्र रहेका विकास निर्माणका कार्य गर्ने कार्यालयहरुको पुँजीगत खर्चको प्रगति हासिल गराउनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

५. सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई प्रभावकारी एवं अनियमितता, ढिलासुस्ती रहित वनाउनका लागि सम्बद्ध निकायसँग समन्वय गरी अनुगमन कार्यलाई प्रभावकारी तुल्याई सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालार्य पारदर्शी र विश्वसनीय बनाउने तथा गुनासो सुन्ने व्यवस्था मिलाउने ।

६. चाडपर्वको समयमा घर फर्किने नेपाली नागरिकहरु माथि सीमा नाका र राजमार्ग/सहायक राजमार्ग क्षेत्रमा हुन सक्ने चोरी, लुटपाट, डकैती लगायतका अवाञ्छित काम हुन/गर्न नदिने साथै खुला सीमानाको फाइदा उठाई हुनसक्ने चोरी, तस्करी नियन्त्रण गर्ने ।

७. चाडपर्वको समयमा पटका, आतिशवाजी लगायतका विष्फोटन पदार्थ तथा निषेधित वस्तुको अवैध आयात, आसोरपसार, बिक्री वितरण तथा प्रयोगमा रोक लगाउने ।

सहायक प्रमुख जिल्ला अधिकारी